page_7kpr.qxd 10/27/2008 9:44 PM Page 1



# सत्ताविहीन कांग्रेसको पहिलो आमसभा

## युगौंदेखि भ्रष्ट शासनतन्त्रबाट पीडित र शोषित आमजनताले गिरिजाप्रसाद कोइरालाका भनाइलाई अग्रगमनको सन्देश मान्ने कि प्रतिगमनको ?



दुर्गा सुवेदी

विराटनगरमा नेपाली कांग्रेसले पूर्वी नेपालका १६ जिल्लावासी जनतालाई सामेल गराएर कात्तिक ९ गते जागरणसभा गर्‍यो। नेपाल गणतन्त्र घोषणा भएपछि जनताले सत्ताविहीन बनाइदिएका कांग्रेसका नेताहरू निकै आक्रोशित देखिए । १५ हजार दर्शक अटाउने हाटखोलाको मैदानमा श्रोताहरू भरिभराउ थिए । सभालाई कांग्रेसका वयोवृद्ध सभापति गिरिजाप्रसाद कोइरालाले सम्बोधन गर्दै पार्टीमा देखापरेको जडतालाई निर्मूल पारेर नेपालमा शान्तिपूर्ण प्रजातन्त्र स्थापना गर्न क्रान्ति ल्याउने दृढता व्यक्त गरे ।

कोइरालाले माओवादीले शान्ति सम्झौतामा उल्लिखित राष्ट्रिय सहमति तोडेर सरकार निर्माण गरेको हुँदा सम्झौतामा उल्लिखित अन्य सहमति कांग्रेसले किन मान्ने भनेर सभास्थलबाटै जनतालाई साक्षी राखेर प्रश्न गरे। उनले माओवादीलाई खुला राजनीतिमा ल्याउन आफूले जोखिमपूर्ण योगदान दिएको र त्यसलाई प्रचण्डले अहिले भुलेको पीडा पनि पोखे । कांग्रेसका अन्य वरिष्ठ र कनिष्ठ नेताहरूले माओवादीले राजाभन्दा पनि खतरनाक तानाशाही देशमा लाद्ने प्रयास गर्दैछ भन्ने आरोप लगाए । उनीहरूले जनतालाई कम्युनिष्ट तानाशाहीको विरोधमा उत्रन अपिल गरे। नेपाली कांग्रेस जन्मकालदेखि नै संविधानको स्रोत राजालाई मानेर सत्ताधारी हुँदैआएको पार्टी हो । अहिलेको गणतन्त्र नेपालमा संविधानको स्रोत जनता भएका छन् । जनताले कांग्रेसलाई सत्ता सञ्चालन गर्नलायक पनि नठानेको अवस्था छ । यस्तो अवस्थामा कांग्रेस पार्टीलाई सैद्धान्तिक रूपले नवनिर्माण गर्न नेताहरूले के कस्तो सोचविचार बनाएका छन् भन्ने जनतालाई जानकारी दिन सकेनन् ।

माओवादीको हिंसक राजनीतिक दबदबाको कारण उनीहरूले चुनावमा पराजय भोग्नुपरेको पीडामात्र जनतालाई सुनाए । गणतन्त्रात्मक नेपालमा अब कसरी प्रजातन्त्र संस्थागत गर्ने भन्नेतर्फ कुनै चर्चा भएन। जन्मकालदेखि नै कांग्रेस गणतन्त्र विरोधी दलको रूपमा प्रस्तुत हुँदैआएको संस्था हो। हिजो कांग्रेस पार्टीभित्र गणतन्त्रको कुरा गर्ने सदस्यलाई कम्युनिष्ट विचारबाट प्रभावित प्रजातन्त्रमा आस्था नभएको मानिसको रूपमा प्रचारित गरिन्थ्यो। राजतन्त्र र प्रजातन्त्र विपरीतार्थ संस्था हुन्, राजतन्त्रको अन्त्य नगरी प्रजातन्त्र संस्थागत हुन सक्दैन भनेर पार्टीभित्र बहस चलाउने सदस्यलाई कांग्रेसका नेताले ठाडो अनुशासनको कारबाहीसम्म गर्दैआएका हुन् । गणतन्त्रवादी कम्युनिष्ट भनेका प्रजातन्त्रका शत्रु हुन्। गणतन्त्रको नारा शत्रुको नारा हो, त्यसलाई कांग्रेसका सदस्यले कहिले पनि स्वीकार गर्नु हुँदैन भन्ने प्रस्ट निर्देशनका नायक गिरिजाप्रसाद कोइराला नै हुन् । उनका अनुयायीहरूले कोइरालाको अगाडि कम्युनिष्टविरुद्ध विषवमन गर्नु स्वाभाविकै थियो। तर प्रजातन्त्र र राजतन्त्रको आडमा सत्ता र सम्पन्नता भोग्दै आएका नेताले सभामा बोल्दा-बोल्दै प्रचण्डलाई राजा मान्नुभन्दा राजालाई नै जनताले किन राजा नमान्नेसम्म भन्नपुगे ।

संघात्मक गणतन्त्र स्थापनापछिको कांग्रेसले नयाँ नेपाल बनाउने के कस्तो प्रस्ट नीति र कार्यक्रम जनसमक्ष राख्ने हो भन्ने सुन्न र बुझ्न जनता सभामा सामेल भएका थिए, नेताहरूको पराजयको पीडा सुन्न होइन । प्रजातन्त्र भनेको संसदीय व्यवस्थामा मात्र हुन्छ, त्यो पनि राजासहितको भनेर बुझ्ने र बुझाउने कांग्रेसका नेताहरूले माओवादीले बहसमा ल्याएको बहुदलीय जनगणतन्त्रको विचारलाई ठाडै कम्युनिष्ट शासनको आग्रह हो भनेर प्रचार गरे । अर्कोतर्फ कोइरालाले युद्धवादी कम्युनिष्टलाई खुला प्रजातन्त्रमा सामेल गराएकोमा खुसी व्यक्त गरे। संसदीय प्रजातान्त्रिक व्यवस्थालाई कांग्रेसका नेताहरूले राजासँग घाँटी जोडेर सम्भ्रान्त वर्गको हित र समर्थनमा प्रचलनमा ल्याएको हुनाले आमजनताले जनयुद्ध र जनआन्दोलन गरेर सामाजिक न्याय र सुशासनको माग गरेका हुन् । अब फेरि कांग्रेसले त्यही प्रणाली पुनःस्थापन गर्न चाहनु र संसदीय प्रणालीको विकल्प छैन भन्नु जनतालाई मूर्ख बनाउने प्रयास सिवाय केही होइन। विश्वमा प्रचलित प्रजातान्त्रिक प्रणालीहरूमध्ये संसदीय प्रणाली पनि एक हो । सबै ठाउँमा यो सफल भएको पनि छैन । नेपालमा कांग्रेसकै नेताहरूको अदूरदर्शिता र अहम्को कारण यो असफल हुन पुग्यो। अब फेरि त्यसैको माध्यमबाट मात्र प्रजातन्त्र चल्न सक्छ भनेर रट लगाउनु नेपाली जनतामा आएको राजनीतिक चेतनालाई अवमूल्यन गर्नुमात्र हो ।



> महल ठड्याएर सम्पन्नताको नग्न प्रदर्शन गरेकाले जनयुद्धमा कांग्रेसका हजारौं कार्यकर्ता र समर्थक मारिए । त्यसपछि नै राजाले गिरिजाप्रसाद कोइरालालाई सडकमा पुर्‍याउने हिम्मत गरे । चुनावमा जनताले कोइरालालाई पुनः सडकमा पुर्‍याइदिएका छन् ।

नेपाली कांग्रेसमात्र प्रजातन्त्रवादी दल हो। यसैले मात्रै देश र जनताको कल्याण गर्न सक्छ भन्ने पुरातन र पतन भएको कुरालाई पुनः ब्युँत्याउने विचार जागरणसभाका सबै वक्ताहरूले गरे। यही एकाधिकारवादी सोचले गर्दा मुलुकमा यत्रो रक्तपात भयो र कांग्रेस यो हविगतमा पुग्यो। कांग्रेसका यी वक्ताहरूले सत्तामा पुगेर पजेरो कुदाए । महल ठड्याएर सम्पन्नताको नग्न प्रदर्शन गरेकाले जनयुद्धमा कांग्रेसका हजारौं कार्यकर्ता र समर्थक मारिए । त्यसपछि नै राजाले गिरिजाप्रसाद कोइरालालाई सडकमा पुर्‍याउने हिम्मत गरे । सडकबाटै कोइरालाले जनयुद्धवादीसँग सम्झौता गरेर संसदीय संविधान भोग गर्दै पुनः सत्ता प्राप्त गरेका हुन्। तर चुनावमा जनताले कोइरालालाई पुनः सडकमा पुर्‍याइदिएका छन्। यो राजनीतिक यथार्थलाई पार्टीले अत्यन्त गम्भीर भएर सोचेन भने कांग्रेसको भविष्य अनिश्चित देखिन्छ । वर्तमान कांग्रेसको निर्णयतन्त्रमा जडसूत्रवादी र व्यक्तिपूजकहरूको बोलवाला प्रस्ट देखिएको छ । जागरणसभामा उनीहरूकै तत्कालीन स्वार्थ साध्न कोइरालालाई पूजन गरेको देखियो ।

अधिनायकवादी राजालाई यस देशको मालिक र आफूलाई उसको नोकर सम्झेर शासनतन्त्र सञ्चालन गर्ने दक्षता हासिल गरेका सेना, पुलिस प्रशासन र न्यायालय शुद्ध, सक्षम र जनप्रिय छन्। त्यसलाई फेरबदल गर्न नदिने चुनौती प्रचण्डलाई कोइरालाले सभाबाटै दिए । युगौंदेखि भ्रष्ट शासनतन्त्रबाट पीडित र शोषित आमजनताले कोइरालाको यो भनाइलाई अग्रगमनको सन्देश मान्ने कि प्रतिगमनको ?

जनयुद्ध र जनआन्दोलन देशको जनविरोधी शासन व्यवस्थालाई आमूल परिवर्तन गरेर नयाँ युगको सूत्रपात गर्ने सर्तमा स्थगित भएका हुन् । संविधानसभाको चुनावमा माओवादी लगायत सबै दलले शासनतन्त्रमा आमूल परिवर्तन गर्ने सर्तमा जनमत मागेका हुन्। जनताको इच्छा अनुकूल काम गर्नु सरकारमा पुगेकाहरूको दायित्व हो। कांग्रेसका नेताले आफू सत्तामा हुँदा कर्मचारी पजनीमा भागबन्डा दिएका र लिएका थिए। त्यसबेलाको त्यो नियुक्ति र राजनीतीकरण ठानिएन । अहिले आफू सत्ताको डाडु-पन्युबाट हटेपछि सरकारमा सामेल भएकाहरूले गरेको कर्मचारी पजनीलाई राजनीतीकरण भयो भनेर विरोध गर्नु कांग्रेसले पनि भागबन्डा चाहेको हो भन्ने जनताले बुझेका छन्। जनजागरण सभामा कोइरालाले दिएका यस्ता चुनौतीले भविष्यमा कांग्रेसको कति हित गर्ने हो भन्ने कुरा जनताले नै बुझ्ने र बुझाउनेछन् ।

# वाम्बुले राई भाषामा कविता वाच्दै



गणेश राई

सहरमा उत्तरआधुनिकताको बहस भइरहेको बेला गाउँमा भर्खर-भर्खर मातृभाषा शिक्षाको कुरो चलेको छ । मुलुकमा संविधानसभाको चुनाव भएको छ । गणतन्त्र भित्रिएको छ। नयाँ सरकार बनेको छ। संघीय राज्यको कुरो चलिरहेको छ। जनताका छोरा राष्ट्रपति, उपराष्ट्रपति बन्न पाएका छन्। अब आफ्नै नयाँ राज्य बन्नेछ र आफैंले शासनको वागडोर सम्हाल्न पाउनेछ भन्ने हल्ला चारैतिर चलिरहेको छ । भाषा र साहित्यको विकासविना मातृभाषाको शिक्षा असम्भव छ। त्यही मेसोमा वर्षको एकदिन भए पनि रमाइलो चाड तिहारको अघि-पछि देशभरि साहित्यिक कार्यक्रम विशेषगरी कविता गोष्ठी हुने गरेको छ । त्यो पनि महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको अवसर पारेर। शरद ऋतु र कात्तिक महिना त्यसै पनि बारीका गह्रा-कान्लाहरूमा मखमली, सयपत्री, गोदावरी फूल ढकमक्क फुलिरहेको हुन्छ । त्यही बेला टुप्लुकिने तिहार आमनेपालीका निम्ति रमाइलो चाड हो ।

महाकवि देवकोटाले झिल्ठुङको यात्राबाट फर्किएपछि गाउँले जीवनलाई सौन्दर्यपरक ढंगले चर्चा गरेकै हुन्। तिनै गाउँलेहरू यतिखेर देवकोटाको शतावार्षिकी मनाइरहेका छन्। अधिकांश खस नेपाली भाषामा कविगोष्ठी हुन्छ। तर ओखलढुंगाका केही गाउँमा भने देवकोटा जयन्तीका अवसरमा 'वाम्बुले राई भाषाको कविता गोष्ठी' विगत दस वर्षदेखि हुँदैआएको छ ।

यतिखेर त्यही कविगोष्ठीको दसौं शृङ्खलाको चर्चा गर्न लागिएको छ । ओखलढुंगा थाक्ले- ८ हिलेपानी सोक्मटार गाउँ दूधकोशी किनारमा छ । यो गाउँ राष्ट्रियगानका रचनाकार व्याकुल माइलाको जन्मथलो हो। यही गाउँमा महाकविको शतवार्षिकीको उपलक्ष्यमा 'वाम्बुले राई भाषाको दसौं कविगोष्ठी- २०६५' प्रतियोगिता सकिएको छ ।

गाउँले जीवन। तन्नेरी पुस्ता कृषि जीवनबाट टाढिरहेका छन्। बाबु-आमा, बाजे-बजुहरूजस्तो हलो जोत्न, कोदालो खन्न, साहूको भारी बोकेर जीवनयापन गर्न चाहँदैनन् । वनपाखा उजाडिएकाले घाँस-दाउरा गर्न, गाई-भैंसी-बाख्रा-वस्तुभाउ गोठालो गर्ने चलन घट्दो छ । ढाकाटोपी, दौरा-सुरुवा, भोटो, कछाड, गुन्यू, चौबन्दी चोली, पटुकी लाउने चलन हट्दो छ। त्यो त बूढापाकाले मात्र लाउने पुराना परम्परागत पोसाक भन्ने गरिन्छ। तन्नेरीहरूमा बजारिया सर्ट-पाइन्ट, कुर्ता-सुरुवाल (छोरी-बुहारीसमेतले) लाउने चलन बढेको छ ।

बालबालिकाहरूमा नयाँ पुस्ताको प्रभाव जम्दो छ। पहिरनमा आधुनिकता बढेको छ। भाषा पुस्तान्तरसँगै बदलिँदो छ। अलिक बढी नेपाली, थोरै हिन्दी, थोरै अंग्रेजी र त्यहींनेर आफ्नो मातृभाषा मिसाएर नयाँ बान्कीमा मनका कुरा सम्प्रेषण गर्ने परम्परा पाउलिएको छ ।

वर्षमा एकदिन नै भए पनि वाम्बुले राई युवा मातृभाषाका निम्ति जुट्ने गरेको दस वर्ष भएको छ। मनका भावनालाई शब्द-शब्दमा गाँसेर कविताका रूपमा सबैमाझ भन्ने/वाचन गर्ने गरेका छन् । कतिपयको भड्किलो पहिरन। रंगीन बेढंगको कपालको शैली। कानमा कुन्डल। सहरमा चलेको 'फेसन'। काँधमा पछाडि रित्तो झोला भिराइ। किशोरहरूको पहिचान भएको छ। किशोरीहरूमा पनि उस्तै चालढाल छ ।





> अधिकांश कविगोष्ठी खस नेपाली भाषामा हुन्छ । ओखलढुंगाका केही गाउँमा भने देवकोटा जयन्तीका अवसरमा 'वाम्बुले राई भाषाको कविता गोष्ठी' दस वर्षदेखि हुँदैआएको छ ।

**सन्दर्भ महाकवि देवकोटाको शतवार्षिकी**

वाचित कविताले मातृभाषाप्रति प्रेम, त्यसको उत्थानको चिन्ता । परम्परागत धर्म-संस्कार, संस्कृतिको संरक्षण, सम्बर्द्धनमा जुट्नु पर्नेजस्ता गम्भीर विषय उठान सुन्दा भड्किलो पहिरनजन्य हावभावले आफैंमा व्यंग्य गरिरहेझैं भान हुन्छ। परम्पराको उपेक्षा गर्नेहरूप्रति कटाक्ष गरिएप्रति व्यंग्यजस्तै लाग्छ । तर पनि युवा पुस्तामा मातृभाषा, संस्कृति, परम्पराप्रति मोह बढेको छ । यी रस्तीबस्तीहरूमा मातृभाषाप्रतिको चेतना बढेको छ । हरेक किशोर-किशोरीदेखि बालबालिकासम्मले विद्यालय जान पाएका छन्। अक्षर चिनेर लेख्न सक्ने भएका छन् । 'अकविता' नै सही, मातृभाषामा लेखेर कविताका रूपमा वाचन गर्न तम्सिएका छन्। ती रचनाले दीर्घ जीवन नपाउलान्, तर मातृभाषामा लेख्ने क्रम बढेको छ ।

गोष्ठी दिनदेखि रातभरि आफ्ना मनका कथाव्यथा, गुम्फनहरू सुनाउने सांस्कृतिक महोत्सवका रूपमा विकास भएको छ । वाम्बुले राई समाज, नेपाल (वाम्रास) र वाम्बुले राई साहित्य प्रकाशन 'लिब्जु-भुम्जु' पत्रिका परिवारले गोष्ठीको आयोजना गर्दैआएका छन्। स्थानीय युवा क्लबहरूले साथ दिएका छन् । किरात जातिभित्र राई, लिम्बू, सुनुवार, याक्खा लगायत पर्छन्। त्यसमध्ये राई बहुभाषिक जाति हुन् । करिब २८ भाषीमध्ये वाम्बुले राई एक हुन्। दूधकोशी र सुनकोशी संगमस्थल आसपासमा रहेका वाम्बुले राईहरूको मूलथलो ओखलढुंगा, खोटाङ, उदयपुर र सिन्धुली जिल्ला हुन् ।

गाउँघरमा व्याप्त कुरीति, समुदायमा घटिरहेका घटिया व्यवहार, गरिबी, अशिक्षा, अज्ञानतालाई कविता बनाएर सुनाउने काम भइरहेको छ । सायद यो काम राज्यको नयाँ संरचनानिम्ति उपयुक्त हुनसक्छ । महाकविको सम्झनामा फुरेका कविताहरू त्यतिखेर फक्रलान् भन्न सकिन्छ ।

raiganesh@gmail.com

# वारिका ग्राहक, पारिको व्यापार



माधव ढुंगाना

तिहारका लागि सिमावर्ती भारतको सुनौली बजारमा सामान खरिद गर्न जानेको घुइँचो छ। मूलतः दशैं-तिहारको बेलामा त नेपालीको भीडले बाटो छिचल्न निकै गाह्रो हुन्छ। सुनौली मुख्य बजारका पसल हुन् वा भित्री गल्लीका पसल, सबैमा नेपाली ग्राहक देखिन्छन्। कुनै पनि पसलमा अर्को उपभोक्ता गएमा केही बेर कुरेर पर्खिनुपर्ने अवस्था हुन्छ ।

विवाह, व्रतबन्ध होस् वा कुनै सुध्याइँको कार्य अथवा सामान्य घरायसी दैनिक उपभोग्य वस्तुका निम्ति होस्, नेपाली उपभोक्ता सुनौली पुग्ने प्रचलन फेसन बनिसकेको छ। बिहानदेखि साँझसम्म बालबच्चादेखि वृद्धसम्मका नेपाली उपभोक्ता सुनौली बजारमा सामान ओसारेको भेटिन्छन्। सुनौलीको बजार दिन-प्रतिदिन फस्टाउँदो छ। गोरखपुरदेखिका व्यापारी सुनौलीमा थुप्रिँदा छन् ।

उता सुनौलीसँगै जोडिएको भैरहवा बजार र केही परको बुटवलको अवस्था दयनीय हुँदै गएको छ। भैरहवाका अधिकांश पसल प्रायः सुनसान अवस्थामा देखिन्छन्। अझ त्यसमाथि भन्सार लगायतका शुल्क तिरेर वैध ढंगले सञ्चालन गरेका पसल त लगभग बन्द गर्नुपर्ने अवस्थामा पुगेको सम्बद्ध व्यापारीहरू बताउँछन्। 'सुनौली बजारमा बढ्दो नेपाली उपभोक्ताको भीड र घरायसी सामानको नाममा तस्करले सिधै सामान ओसारेर नेपालतर्फ घर-घरमा पुर्‍याइदिन थालेपछि सिमावर्ती भैरहवा बजार सुक्दै गएको छ', सिद्धार्थनगर उद्योग वाणिज्य संघको उपाध्यक्ष तथा भैरहवाका प्रसिद्ध व्यापारी नारायण रिजाल भन्छन् ।

भैरहवा, बुटवल लगायत रूपन्देहीका ग्रामीण क्षेत्र, नवलपरासी, कपिलवस्तु, पाल्पा, स्याङजा, गुल्मी जिल्लादेखि सामान खरिदका निम्ति नेपाली उपभोक्ता सुनौली बजार पुग्नुको मुख्य कारण हो- सबै सामान सस्तोमा पाइन्छ भन्ने मानसिकता। वास्तवमा दाल, चिनी, घिउ, तेल लगायतका केही सामान नेपालमा भन्दा सस्तो पाइए तापनि कैयन् सामान भने नेपालमै सस्तो पाइन्छन्। त्यसतर्फ आमनेपाली उपभोक्ताले ख्याल गरेका छैनन् ।

नेपालमा उत्पादित सामान सुनौलीबाट महँगो मूल्य तिरेर ल्याउने उपभोक्ता प्रशस्त छन्। मूल्यबारे ख्याल नगर्ने र भारततर्फ सबै सामान सस्तोमा पाइन्छ भन्ने मानसिकता भएका उपभोक्ताको मागका कारण नै भारतीय व्यापारी नेपालबाट लगेर नेपालीलाई बिक्री गर्छन्। यतिमात्रै होइन, भारतमै बनेका सामान पनि डीआरपीबाट नेपाल आउने सामान भारतमा भन्दा यतै सस्तो पाइन्छ।

गोरखपुरभन्दा सुनौलीको व्यापार राम्रो देखेर पन्ध्र वर्षदेखि सुनौलीमा व्यापार गर्दै आएका विजय तुल्सियान सुनौलीको ९५ प्रतिशतभन्दा धेरै व्यापार नेपाली उपभोक्तामै निर्भर रहेको बताउँछन्। सुनौली आउने नेपाली उपभोक्तामध्ये झन्डै ३० प्रतिशतलाई मूल्यबारे अनभिज्ञ रहेको र नेपालमै पाइने सस्तो र गुणस्तरीय सामान पनि सुनौलीमा खोज्दै खरिद गर्ने गरेको बताउँदै भने- 'त्यस्ता नेपाली उपभोक्तालाई मैले नेपालमै खरिद गर्न सल्लाह दिने गरेको छु।' सुनौलीमा प्रतिदिन कतिजना नेपाली उपभोक्ता पुग्छन् र कति रुपैयाँ खर्च गर्छन् ? भन्ने आधिकारिक तथ्याङ्क छैन । प्रतिदिन १ करोडभन्दा धेरै नेपाली रुपैयाँ सुनौलीबाट विदेशिने गरेको विभिन्न नेपाली वित्तीय संघ-संस्थाको दाबी छ ।

सुनौली पुग्ने नेपाली उपभोक्ता निम्नवर्गका भन्दा मध्यम र उच्चवर्गका नै अत्यधिक छन्। कार, मोटरसाइकल लगायतका निजी सवारी साधन लिएर उनीहरू सुनौली पुग्ने गर्छन्। शनिबार र अन्य विदाका दिन सरकारी गाडीमा कोचाकोच आफ्ना नातेदार र छिमेकी राखेर 'सपिङ' गर्न जाने वरपर जिल्लाका समेत हाकिम र हाकिम्नीसावहरूको रवाफ पनि उत्तिकै हुन्छ। उच्च ओहदाका प्रहरी अधिकृतका श्रीमती सबैभन्दा धेरै पुग्ने गरेको पाइन्छ ।

खुल्ला सिमानाका कारण स्वदेशी बजार धराशायी भयो भन्दै भाषण गर्ने सिमावर्ती नेपालका उद्योग वाणिज्य संघ, व्यापार संघ, उद्योग संघ, उपभोक्ता हित संरक्षणका नाममा स्थापित संस्थाहरू कसैले पनि सही मूल्यप्रति आमउपभोक्तालाई सजग गराएको देखिँदैन ।

पाँच-छ वर्षअघि बुटवल र शंकरनगरका केही बुद्धिजीवीले 'स्वदेशी वस्तु प्रयोग गरौं, स्वावलम्बी अर्थतन्त्र निर्माण गरौं' भन्ने अभियानसाथ स्थानीय नेपाली उद्योग र बजार प्रवर्द्धन गर्ने प्रयास गरेका थिए। तर त्यसले निरन्तरता पाउन सकेन। अभियानमा संलग्न अर्जुन ज्ञवाली त्यतिबेला कतैबाट पनि सहयोग नपाइएको र अन्धराष्ट्रवादको आरोप लगाउँदै जताततैबाट तिरष्कृत गरिनाले अभियान बन्द हुनपुगेको बताए। स्वदेशमा उत्पादित वस्तुको उपभोग गरौं र नपुग तथा उत्पादन नभएका वस्तुको हकमा मात्र विदेशी प्रयोग गरौं भन्ने आशयले अगाडि बढेका अभियानमा संलग्न व्यक्तिहरूले पाल्पामा निर्मित ढाकाको दौरा-सुरुवाल लगाएर विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेका थिए।

> मूल्यबारे अनभिज्ञ रहेकाले नेपालमै पाइने सस्तो र गुणस्तरीय सामान पनि सुनौलीमा खोज्दै हिंड्छन् ।

बुटवल उद्योग वाणिज्य संघ, सिद्धार्थनगर उद्योग वाणिज्य संघ, रूपन्देही उद्योग संघले वर्षेनि औद्योगिक तथा व्यापार मेलाको आयोजना गर्दैआए पनि सुनौली जाने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रभावकारी हुनसकेको छैन। बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष शंकर श्रेष्ठ सुनौली पुग्ने नेपाली उपभोक्ताको यही क्रम केही वर्ष कायम रहने हो भने सिमावर्ती नेपाली बजारमा विकराल समस्या आउने सम्भावना व्यक्त गर्छन्।

सुनौलीमा भन्दा नेपालमै सस्तो पाइन्छ भन्ने सन्देश दिनका निम्ति नै बुटवलमा दीपावली महोत्सवको आयोजना गरिएको उनले बताए। भन्सारको निष्क्रियताको कारण नै यस प्रवृत्ति बढेको आरोप उनको छ। नेपालमा उत्पादित वस्तुबाट आत्मनिर्भर हुने अवस्था हुँदाहुँदै पनि भारतीय वस्तु भन्सार छलेर बजारमा ल्याउने काम स्वयम् नेपाली (दुई नम्बरी) बाट भइरहेको छ भने चोरी निकासी-पैठारी नियन्त्रण गर्ने जिम्मेवार निकाय मौनता साधेर बसेको आभास हुन्छ।

# माओवादीमा तीन-चार लाइन



भवानी बराल

साम्यवादीहरू अन्तरविरोधमा खेल्ने गर्छन्। समाजमा रहेको जातीय, वर्गीय, लिंगीय वा कुनै पनि प्रकारको अन्तरविरोधलाई कपडछान गर्दै त्यसलाई द्वन्द्वात्मक तरिकाले रूपान्तरण गर्ने गर्छन्। यो आन्तरिक अन्तरविरोधको एक पक्ष हो भने बाहय पक्षमा रहेका अन्तरविरोधमा खेल्न पनि साम्यवादीहरू उत्तिकै निपुण हुन्छन् । साम्यवादी विचारको अस्तित्वरक्षाका लागि निपुण हुनु जरुरी पनि छ । साम्राज्यवादी शासक, शक्तिराष्ट्र वा तिनको तेस्रो विश्वबीचको अन्तरविरोधलाई उपयोग गर्दै साम्यवादी विचारको रक्षा गर्नु उसको धर्म हो । साम्यवादी विचारलाई गहिरोसँग नबुझ्नेहरू यसलाई उपयोगितावादी सिद्धान्त भन्छन् । तर साम्यवादी विचार समाजमा रहेको अन्तरविरोधसँग अन्तरसम्बन्धित हुन्छ । समाजमा कुनै पनि खाले अन्तरविरोध रहेन भने त्यहाँ यो साम्यवाद आइसकेको ठहर गर्नुपर्छ।

सत्तारुढ नेकपा (माओवादी) यतिखेर यही अन्तरविरोधको चक्करसँगै उग्र वैचारिक संघर्षको संघारमा उभिएको छ। आन्तरिक र बाहय अन्तरविरोधमा खेल्दै आफ्नो अस्तित्वरक्षा गर्ने वैचारिक रणनीति र कार्यनीति निर्माण गर्ने बहसमा उत्रिएको छ। तर माओवादी नेतृत्वमा छेडिएको वैचारिक संघर्ष जति उत्तेजित छ, त्यत्ति नै उत्ताउलो पनि छ। र अन्तरविरोधको यो शृङ्खलालाई वस्तुगत ढंगले हल गर्न सकेन वा अन्तरविरोधको भेलमा हेलियो भने उसको अस्तित्व धरापमा पर्नेछ।

नेपाली काङ्ग्रेस, एमाले लगायतका पार्टीमा पनि विवाद नभएको होइन । काङ्ग्रेस बहुदलीय संसदीय व्यवस्थाको सीमासम्म भएकाले उसमा भएको विवाद प्राविधिक हो । काङ्ग्रेसभित्रको विवाद उत्तराधिकार नेतृत्वको मात्र हो। एमाले पनि लोकतान्त्रिक पार्टीमा रूपान्तर र अभ्यस्त भइसकेकाले त्यहाँभित्र वैचारिक संघर्षको हदमा विवाद छैन। एमालेको जनाधार कसरी बलियो बनाइराख्ने सबल नेतृत्वको खोजीमा मात्र त्यहाँ तीव्र विवाद छ। तर माओवादी पार्टी स्थापनाको लक्ष्य साम्यवादसम्म भएकाले त्यहाँ घनघोर वैचारिक लडाइँ छेडिएको छ ।

**पुच्छरको लडाइँ**

माओवादीमा छेडिएको पुच्छरको विवाद अहिले केन्द्रमा छ । रूपमा यो पुच्छरको लडाइँजस्तो देखिए पनि सारमा त्यो विचारकै मल्लयुद्ध हो। माओवादीले जनयुद्ध सुरु गर्दा शदीयौंदेखि उत्पीडनमा परेका जनतालाई जनवादी गणतन्त्र हुँदै 'सपनाको स्वर्ग' साम्यवादमा पुग्ने चित्राङ्कन देखाएको थियो। यद्यपि अहिले पनि साम्यवादी विचार रक्षात्मक स्थितिमै छ। नेपालको साम्यवादी राजनीतिक यात्राको प्रस्थानविन्दु पनि भेटिएको छैन । विचारको यो अलमलमा सत्तारुढ हुनपुगेको माओवादी नेतृत्व विचारलाई 'डाइभर्सन' गर्ने चौतारी खोजिरहेको हुनसक्छ । संविधानसभाको माध्यमबाट एक खालको अहिलेको भन्दा प्रगतिशील 'जनताको गणतन्त्र' (जनगणतन्त्र होइन) स्थापना गर्ने प्रयत्नमा छ। त्यसका लागि पार्टीभित्रको एउटा पङ्क्ति बाधक छ त पार्टी बाहिरको ठूलो पङ्क्ति सहयोगी छ । राजनीतिक भाषामा भन्दा निम्न पुँजीवादी प्रवृत्तिको समर्थन छ। माओवादी नेतृत्वले आह्वान गरेको वामसहित आम एकताको गुढ रहस्य पनि यही हो । नारायणकाजी श्रेष्ठले नेतृत्व गरेको पार्टीसँगको एकताको मेसो पनि यसै अर्थमा आएको हो । नेतृत्वले कथित 'देशभक्त र राष्ट्रवादी'हरूलाई पार्टीभित्र धमाधम हुल्नुपछिको परिदृश्यको रहस्य पनि यही हो।

माओवादी पार्टीमा झुन्डिएको पुच्छर 'माओवादी' शब्दले राजनीतिक अर्थ र उपयोगिता राख्छ । माओवाद निर्देशक सिद्धान्त नै हो, त्यो पार्टीको । माओवाद 'बाँदरको पुच्छर लौरो न हतियार'सरह अवश्य होइन। वैचारिक रूपले भिन्न भएकाले यसको गुणअनुसारको नाम हुनु स्वाभाविक थियो । माओवादी शब्द पुछारमा झुन्डिँदैमा त्यो पुच्छर होइन, त्यसले शिरकै काम गरेको थियो। निम्न पुँजीवादी प्रवृत्तिको आगमनलाई यसले रोकेको हुनाले माओवादी नेतृत्व पुच्छर काट्ने अभियानमा लागेको छ । 'सबै कुरा छाडी पुच्छरमा हात' राखेर बसेको छ ।

माओवादी विचारबाट अलग हुने हो भने नाम परिवर्तन गर्नु जायज हुन्छ । तर त्यसनिम्ति नेपाली जनताको नाममा श्वेतपत्र जारी गर्नुपर्छ, 'अब हामी माओवादी बाटोमा छैनौं' भनेर ।

कसैलाई लाग्न सक्ला, पुच्छर कुन ठूलो कुरो हो । पुच्छरकै सेरोफेरोमा किन यत्रो बुद्धिविलास भनेर । माओवादी पार्टीको पुच्छरको विशेषता भनेको अलग्गै हो। एमाले, मार्क्सवादी र माले पार्टीको सांगठनिक एकता भएर एमाले भएजस्तो माओवादी होइन । एमालेको 'फुलफर्म' एकीकृत मार्क्सवादी र लेनिनवादी हो, अर्थात् ए.मा.र ले.। माओवादी मार्क्सवाद, लेनिनवाद र माओवादी विचार निर्देशक सिद्धान्तका आधारमा गठन भएको पार्टी हो । यसकारण 'माओवादी' पुछारमा झुन्डिए पनि त्यसको महत्त्व शिर बराबर छ। पानी र माछाको सम्बन्धजत्तिकै जोडिएको छ। माछाको पुच्छर छिनाल्दा जसरी माछा बाँच्दैन, माओवादी पुच्छरविना यो रूपमा रहन्न ।

**माओवादीमा तीन लाइन**

माओवादीभित्र जनगणतन्त्र वा जनवादी गणतन्त्र हुँदै समाजवाद र साम्यवादमा पुग्ने एउटा वैचारिक लाइन छ । अर्को संविधानसभालाई उपयोग गर्दै 'जनताको गणतन्त्र'मा जाने फरक विचार आएको छ। पहिलो विचारको नेतृत्व माओवादीका वरिष्ठ नेता मोहन वैद्य 'किरण', सीपी गजुरेल 'गौरव', मातृका यादव र नेत्रविक्रम चन्द 'विप्लव'हरूले गरेका छन् । दोस्रो धारको प्रतिनिधित्व प्रधानमन्त्री प्रचण्ड र बाबुरामहरूले गर्छन्। माओवादीका शीर्षदेखि भुइँसम्मका कार्यकर्ता को कतापट्टि छन्, तिनको 'बडी लेङ्ग्वेज'ले प्रस्टै छुट्याउँछ ।

कथित देशभक्त र राष्ट्रवादी सूबसेन मार्काको तेस्रो धार छ । यो धार भने माओवादीभित्रै भूमिगत छ । यी देशभक्त राष्ट्रवादीको गरिखाने धार माओवादी आकाश गंगामा कावा खाइरहेको छ । केही बुद्धिजीवीहरू पनि माओवादी गंगामा हात धुन गएका छन् । बुद्धिलाई राजनीतिक नियुक्तिमा साट्न गएका यी बाठाहरू माओवादीको 'कूटनीति'को अगाडि कुहिरोको कागझैं भएका छन् । 'पेट्टी बुर्जुवा'को यो धार त्यति उल्लेख्यचाहिँ होइन ।



> माओवादी नेतृत्वमा छेडिएको वैचारिक संघर्ष जति उत्तेजित छ, त्यत्ति नै उत्ताउलो पनि छ ।

चुनबाङ बैठकले प्रस्ताव गरेको लोकतान्त्रिक गणतन्त्रको कार्यनीति गएको जेठ १५ गते संविधानसभाको पहिलो बैठकले गणतन्त्रको अनुमोदन गरेपछि सफलतापूर्वक सम्पन्न भएको ठहर वैद्यहरूको छ । पार्टीका वरिष्ठ नेता तथा अर्थमन्त्री बाबुराम भट्टराई त्यो पक्षमा छैनन्। उनी 'आर्थिक क्रान्तिको कार्यक्रम' ल्याएर लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिलाई पूर्णता दिन यही व्यवस्थालाई तन्काउन खोजिरहेछन् । त्यसनिम्ति बाधक 'माओवादी' पदावली नै हो। यसकारण उनले शिररूपी पुच्छर हटाउने प्रसंग उठाएका हुन् । माओवादीभित्रको चुरो दुई लाइनको संघर्ष यही हो । अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्ड दुवै धारको बीचमा छन् । उनी संविधानसभामार्फत जनपक्षीय संविधान निर्माण गरी 'जनताको गणतन्त्र' स्थापना गर्ने मझधारमा छन्। दुवै धारको मिलनविन्दु यही हुने उनको ठहर हुनसक्छ ।

**जनगणतन्त्र र सर्वहारा वर्ग**

जनगणतन्त्र वा जनवादी गणतन्त्रमा सर्वहारा वर्गको हित गर्न उसको अधिनायकत्व हुनसकेन भने त्यो जनगणतन्त्र वर्णशंकर हुनेछ । जनगणतन्त्रमा बहुदलीय प्रतिस्पर्धा 'फचुजन' कसरी हुन्छ, मुख्य प्रश्न हो । माओ र लेनिनकालीन कम्युनिष्ट पार्टीको अधिनायकत्व नहुँदा फरक नपर्ला, तर विधिमा सर्वहाराको अधिनायकत्व हुनुपर्छ । बहुदलीय प्रतिस्पर्धामा असमानहरूबीच समान प्रतिस्पर्धा हुन्छ । जनगणतन्त्रमा समानहरूबीच समान प्रतिस्पर्धा गराउने पद्धति विकास गरेमात्र बहुदलीय प्रतिस्पर्धा अटाउँछ । चलनचल्तीको बहुदलीय प्रतिस्पर्धा (असमानबीच समान प्रतिस्पर्धा गराउने विधि) सिधै भित्र्याउने हो भने जनगणतन्त्र यथास्थितिको लोकतान्त्रिक गणतन्त्रमा पतन हुनेछ । पुँजीवादी संसदीय व्यवस्थाका हिमायती पार्टीहरूले जनगणतन्त्रको खरो विरोध यसकारणले गरेका हुन् ।

**रहलपहल**

जनगणतन्त्र वा जनवादी गणतन्त्र पुँजीवादी व्यवस्था नै हो । तर जनगणतन्त्र संसदीय व्यवस्थाको कतिपय असफलतापछि स्थापित भएको हो । अर्थात् जनगणतन्त्र र बुर्जुवा संसदीय व्यवस्था एकअर्काको विकल्प हो । विकल्पसँग राजनीतिक साझेदारी हुन सक्तैन। भइहाल्यो भने पनि त्यो दीर्घकालीन हुन्न। माओवादीमा देखिएको वैचारिक संघर्ष साझेदारी गर्ने र नगर्ने बीचको हो । राजनीतिमा उधारो कारोबार काम लाग्दैन । 'खडा लेना खडा देना' हुनुपर्छ । यो उधारो कारोबार गर्ने र नगर्ने बीचको शीतयुद्ध हो। माओवादीमा लामो समयदेखि कार्यनीतिक लाइनको अभावले ल्याएको यो राजनीतिक 'तुरूप' पनि हो। यसको उठान जसरी भएको छ, बैठान सुरक्षित हुनसकेन भने माओवादीका लागि यो वैचारिक संघर्ष धराप सावित हुनेछ ।

*(बराल : यस्तो हुनुपर्छ राज्यको संरचना, लिम्बुवानको राजनीति आदि पुस्तकका लेखक तथा पत्रकार हुन् ।)*